बैठक सं.नं.-१२

आज मिति २०७९/१२/२७ गते सोमवारका दिन दिउँसो ४:०० बजे जनकपुरधाम उप-महानगरपालिकाका नगर प्रमुख श्री मनोज कुमार साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बसेको बैठकमा देहाय बमोजिमको नगर कार्यपालिकाको पदाधिकारीज्युहरुको उपस्थिति रहियो ।

उपस्थिति :

| क.सं. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मनोज कुमार साह | नगर प्रमुख | |
| २ | श्री किशोरी साह | नगर उपप्रमुख | |
| ३ | श्री दिप नरायण यादव | वडाअध्यक्ष, वडा नं.१ | |
| ४ | श्री शिव कुमार साह | वडाअध्यक्ष, वडा नं.२ | |
| ५ | श्री दिपेन्द्र साह | वडाअध्यक्ष, वडा नं.३ | |
| ६ | श्री पं. सुरेस झा | वडाअध्यक्ष, वडा नं.४ | |
| ७ | श्री बेचन साहु हलुवाई | वडाअध्यक्ष, वडा नं.५ | |
| ८ | श्री दिनेस प्रसाद साह | वडाअध्यक्ष, वडा नं.६ | |
| ९ | श्री निरज कुमार साह (मुन्ना) | वडाअध्यक्ष, वडा नं.७ | |
| १० | श्री दिनेश कुमार सिंह | वडाअध्यक्ष, वडा नं.८ | |
| ११ | श्री प्रमेश्वर साह | वडाअध्यक्ष, वडा नं.९ | |
| १२ | श्री मिथलेश कुमार कर्ण | वडाअध्यक्ष, वडा नं.१० | |
| १३ | श्री शिला कुमारी देवी | का.बा. वडाअध्यक्ष, वडा नं.११ | |
| १४ | श्री महेन्द्र साह | वडाअध्यक्ष, वडा नं.१२ | |
| १५ | श्री जित बहादुर राउत | वडाअध्यक्ष, वडा नं.१३ | |
| १६ | श्री पुण्य प्रताप यादव | वडाअध्यक्ष, वडा नं.१४ | |

| | | | |
|---|---|---|---|
| १७ | श्री सन्तोष कुमार साह | वडाअध्यक्ष, वडा नं.१५ | |
| १८ | श्री रामचन्द्र पंजियार | वडाअध्यक्ष, वडा नं.१६ | |
| १९ | श्री रामबृक्ष यादव | वडाअध्यक्ष, वडा नं.१७ | |
| २० | श्री लक्ष्मेश्वर मण्डल | वडाअध्यक्ष, वडा नं.१८ | |
| २१ | श्री बिनोद कुमार साह | वडाअध्यक्ष, वडा नं.१९ | |
| २२ | श्री मोति राइन | वडाअध्यक्ष, वडा नं.२० | |
| २३ | श्री राजनारायण साह | वडाअध्यक्ष, वडा नं.२१ | |
| २४ | श्री बिमलेश मिश्र | वडाअध्यक्ष, वडा नं.२२ | |
| २५ | श्री राघबेन्द्र प्रसाद साह | वडाअध्यक्ष, वडा नं.२३ | |
| २६ | श्री उपेन्द्र सहनी | वडाअध्यक्ष, वडा नं.२४ | |
| २७ | श्री चन्देश्वर साह | वडाअध्यक्ष, वडा नं.२५ | |
| २८ | श्रीमती शैल कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| २९ | श्रीमती शारदा देवी पन्त | नगर कार्यपालिका सदस्य | |
| ३० | श्रीमती मनिषा देवी | नगर कार्यपालिका सदस्य | |
| ३१ | श्रीमती फुल कुमारी देवी | नगर कार्यपालिका सदस्य | |
| ३२ | श्रीमती सन्जु देवी दास | नगर कार्यपालिका सदस्य | |
| ३३ | श्री राकेश विक्रम साह | नगर कार्यपालिका सदस्य | |
| ३४ | श्री दिपेन्द्र कुमार साह | नगर कार्यपालिका सदस्य | |
| ३५ | श्री सन्तोष महतो | नगर कार्यपालिका सदस्य | |
| ३६ | श्री रत्नेश शशि | सदस्य सचिव(प्र.प्र.अ.) | |

## कार्य सूची तथा प्रस्तावहरु:

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको अवस्था सम्बन्धमा ।
२. नवौं तथा दशौं नगरसभा संचालनको लागत अनुमान अनुमोदन सम्बन्धमा ।
३. बजेट रकमान्तर सम्बन्धमा ।
४. सडक निर्माण कार्यमा परिमार्जन गर्ने सम्बन्धमा ।
५. पोखरी सौन्दर्यकरण कार्यको Variation सम्बन्धमा ।
६. अतिथि गृहको सौन्दर्यिकरण र ग्यारेज व्यवस्थापन सम्वन्धमा ।
७. स्वास्थ्य/आयूर्वेद शाखामा कार्यरत कर्मचारीको तलवभत्ता सम्बन्धमा ।
८. यस आ.व. मा भएको गतिविधिको विषयमा जानकारी तथा अनुमोदन सम्बन्धमा ।
९. विविध ।

## निर्णयहरु:-

निर्णय नं. १ :

अघिल्लो नगर कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन भईरहेको व्यहोरा सम्पूर्णमा जानकारी गराईयो तथा कार्यप्रगति सन्तोषजनक रहेको देखियो।

निर्णय नं. २ :

जनकपुरधाम उपमहानगरपालिकाको नवौं तथा दशौं नगरसभा संचालनको लागत अनुमान नगर प्रमूखको निर्णय बमोजिम अनुमोदन गरियो ।

निर्णय नं. ३ :

तपसिलमा उल्लेखित बजेट, योजना तथा कार्यक्रममा बजेट अपुग भएको कारण बढि हुन गएको बजेटबाट जनकपुरधाम उपमहानगरपालिकाको संसोधित विनियोजन ऐन, २०७९ अनुसार २५ प्रतिशत नबढ्ने गरि रकमान्तर गर्ने निर्णय गरियो । साथै विनियोजित बजेट टुक्रयाउने अधिकार नगर प्रमूखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

घटाउने

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | विनियोजन | घटाउने रकम | कायम बजेट |
|---|---|---|---|---|---|---|
| १ | शैक्षिक संस्थाहरूलाई सहायता | २५३११ | आ.श्रो. | २०,००,००० | ५,००,००० | १५,००,००० |
| २ | अन्य सँस्था सहायता | २५३१५ | आ.श्रो. | ३०,००,००० | ७,५०,००० | २२,५०,००० |
| ३ | सामाजिक संघ सँस्था मार्फत वातावरण मैत्री कार्यक्रम | २२५२२ | रा.बा. संघ | ४०,००,००० | १०,००,००० | ३०,००,००० |
| ४ | करार सेवा शुल्क | २२४१३ | आ.श्रो. | ७,४५,००,००० | ५०,००,००० | ६,९५,००,००० |
| | | | जम्मा रकम | ८,३५,००,००० | ७२,५०,००० | ७,६२,५०,००० |

बढाउने

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | विनियोजन | बढाउने रकम | कायम बजेट |
|---|---|---|---|---|---|---|
| १ | अन्य सामाजिक सहायता | २७२१९ | आ.श्रो. | १५,००,००० | ५,५०,००० | २०,५०,००० |
| २ | सरसफाई सेवा शुल्क-(विशेष सरसफाई अभियान ज्यामी ज्याला) | २२४१४ | रा.बा. संघ | ९५,००,००० | १०,००,००० | १,०५,००,००० |
| ३ | ईन्धन(कार्यालय सवारी साधन) | २२२१२ | आ.श्रो. | ५०,००,००० | १५,००,००० | ६५,००,००० |
| ४ | प्रारम्भिक बालविकास सहज कर्ता विद्यालय कर्मचारीहरुको तलब,भत्ता तथा पोषाक खर्च समेत | २१११११ | आ.श्रो. | २,००,००,००० | ४२,००,००० | २,४२,००,००० |
| | | | जम्मा रकम | ३,६०,००,००० | ७२,५०,००० | ४,३२,५०,००० |

निर्णय नं. ४ :

क. यस जनकपुरधाम उपमहानगरपालिका, नगर कार्यपालिकाका आ.व.२०७९/२०८० मा स्वीकृत नगर स्तरीय योजना अन्तर्गत सि.नं. ४२ मा वडा नं.४ भिजन स्कुल जाने वाटो देखि दक्षिण रमेश पाण्डे को घर देखि विजय पाण्डेको घर सम्म सडक निर्माण गर्ने कार्य लेखिएता पानि उक्त योजनाको नाम "वडा नं. ४ भिजन स्कुल देखि उत्तर रमेश पाण्डेको घर देखि विजय ठाकुरको घर सम्मको सडक निर्माण गर्ने कार्य" मा परिमार्जन गरि आगामी नगर सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

ख. जनकपुरधाम उपमहानगरपालिका आ.व.२०७९/०८० मा स्वीकृत वडा स्तरीय वजेट अन्तर्गत वडा नं. ७ मा आदर्श भवन देखि स्वास्तिक स्कुल हुँदै रोहित ठाकुरको घर सम्म सडक निर्माण कार्य योजनामा दश लाख नगर स्तरीय वजेट रहकोमा सो योजनाको स्थल फेला नपरेकोले नाम परिवर्तन गरि शिवजि सदाको पसलदेखि देवन्ती सदाको घरसम्म पि.सि.सि. ढलान गर्ने कार्यमा परिमार्जन गरि आगामी नगर सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

ग. जनकपुरधाम उपमहानगरपालिका आ.व.२०७९/०८० मा स्वीकृत नगर स्तरीय बजेट अन्तर्गत वडा नं. १९ को "पिपराढी टोलमा अधुरो महाविर मन्दिर निर्माण गर्ने कार्य" को लागि बजेट विनियोजन भएकोमा सो नामको मन्दिर नरहेकोले "अधुरो भोलाबाबा मन्दिर निर्माण गर्ने कार्य" परिमार्जन गरि आगामी नगर सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

घ. जनकपुरधाम उपमहानगरपालिका आ.व.२०७९/०८० मा स्वीकृत नगर स्तरीय बजेट अन्तर्गत वडा नं. ४ मिथिला नाट्य परिषद् (मिनाप) को दर्शक बस्ने कुर्सि खरिद तथा हस्तान्तरण सहित अन्य कार्य भनि उल्लेख भएकोमा "मिथिला नाट्य परिषद् (मिनाप) को दर्शक बस्ने कुर्सि निर्माण सहित नाटकको लाईट तथा साउण्ड व्यवस्थापन कार्य" परिमार्जन गरि आगामी नगर सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ :

जनकपुरधाम उपमहानगरपालिकाको Beautification of Dirghika Sagar Pond Janakpurdham ( Contract no.04-077/78 works) निर्माण कार्यकोलागि निर्माण व्यवसायी श्री M/S Gauri Parbati Mahato JV, Jankpurdham-8, Nepal संग मिति २०७८/०४/१३ गते रकम रु. ४७४६६६६२.७६ मा दिर्घिकासागर पोखरीको सौन्दर्यीकरण गर्ने कार्यको सम्झौता भई उक्त कार्यको लागत ईस्टिमेट गर्दा कार्य गर्न (site access) गर्दा चारैतिर ठुलो झाडी, दलदल माटो तथा पानीले भरिएकोले विस्तृत अध्ययनको आधारमा लागत ईस्टिमेट गर्ने अवस्था नरहेकोले Contract Award पश्चात पहिला अनुमान गरिएको Items (Dewatering, Earthwork, Brick work ,brick soiling, tiles, HDPE pipe and Interlock block आदि बढन गएकोले सार्वजनिक खरिद नियमावलीको नियम ३९, ४०, ४६, ५० को व्यवस्था अनुसार सुरु ठेक्का सम्झौता रकम वृद्धि भई रु. ४,८२,७२,५४२.१६ भ्याट बाहेक हुन आएको अर्थात रु. ६०,३१,९५५.५८ बढन गई १४.२८% वृद्धि भएकोले सोही बमोजिमको सम्झौता रकम भेरिएसन स्विकृत गरियो ।

निर्णय नं. ६ :

अतिथि गृहमा ग्यारेज व्यवस्थापनको लागि रु.४०,००,०००/- र उक्त स्थानमा सौन्दर्यीकरण गर्ने कार्यको लागि रु.१०,००,०००/- नगर सभाबाट विनियोजन भएकोमा अब उक्त जम्मा रकम रु.५० लाख वडा नं.१ स्थित गुठी संस्थानको जग्गामा ग्यारेज निर्माणको लागि तिव्र गतिमा जग्गामा लिजमा लिने र सोही स्थान वाउण्ड्री वाल लगायत अन्य संरचना निर्माण गर्ने र सोको अनुमोदन आगामी नगर सभाबाट हुने गरी निर्णय गरियो । साथै हाल वडा नं. ४ अवस्थित अतिथि गृहको स्थानमा यस उपमहानगरपालिकाको आन्तरिक श्रोत बढाउन सकिने बहु उपयोगी व्यवसायिक केन्द्र सार्वजनिक निजी साझेदारीको अवधारणामा विकास तथा निर्माण गर्न नेपाल ईन्फ्रासट्रक्चर बैंक लगायतको संस्था संग सहकार्य गर्न अगाडी बढने निर्णय गरियो ।

निर्णय नं. ७ :

(क) यस जनकपुरधाम उपमहानगरपालिका, नगर कार्यपालिकाका आठौं नगर सभाबाट विनियोजित स्वास्थ्य तर्फ करार कर्मचारीहरुको दरवन्दी आगामी नगर सभाबाट अनुमोदन हुने गरी हाललाई विनियोजित रु.१,२९,३५,०००/- (अक्षरेपी एक करोड उन्नतीश लाख पैतीस हजार मात्र) मध्येबाट तलब भत्ता भुक्तानी गर्ने निर्णय गरियो ।

(ख) यस जनकपुरधाम उपमहानगरपालिका, नगर कार्यपालिकाकामा नेपाल सरकार सशर्त अनुदानबाट प्राप्त हुने तलब भत्ता हाल रु.२२,००,०००/-अपुग हुने भएकोले आयुर्वेद तर्फको कर्मचारीको तलबभत्ता पछि थप भइ आउने वजेट बाट सोधभर्ना हुने गरी हाल लाई आन्तरिक श्रोतबाट भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. ८ :

जनकपुरधाम उपमहानगरपालिकाको यस आ.व. २०७९/०८० मा भएको गतिविधिको विषयमा आगामी बोर्डमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं. ९ : विविध निर्णयहरु :

क. श्री सरस्वति मा.वि. जनकपुरधाम उपमहानगरपालिका वडा नं.१७, कटरैत मा कार्यरत्त प्रधानध्यापक वद्रीनरायण यादव लाइ श्री शिक्षा विकास तथा समन्वय इकाईमा फिर्ता पठाउने निर्णय गरियो ।

ख. Madheshi Association in America (MAA) को May 28, 2023 मा हुन गइरहेको MAA 3rd Convention in Philadelphia सम्मेलनमा यस जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख श्री मनोज कुमार साह र वडा नं.७ का वडा अध्यक्ष श्री निरज कुमार साहलाई नेपाल सरकारलाई कुनै पनि आर्थिक दायित्व नपर्ने गरि सहभागी हुन पठाउने निर्णय गरीयो ।

ग. श्री संकटमोचन देवशरण रामरती मा.वि.,जनकपुरधाम -४ मा भौतिक शास्त्र विषयमा (उ.मा.शि.) तहमा करारमा कार्यरत्त शिक्षक उमेश कुमार सहनीलाई हाजरी गराउने निर्णय गरियो ।

घ. रहेका श्री जनता माध्यमिक विद्यालय, जनकपुरधाम उपमहानगरपालिका-१९, शिवपुरले निर्माण गरेको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत दुई कोठे पक्कि भवन निर्माण भइसकेकोले अन्तिम किस्ता रकम फुकुवा गर्ने निर्णय गरियो ।

ङ. महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको सेनिटरी प्याडः खरीदमा घटी कार्यसम्पादन जमानत लिएको भनी उल्लेखित बेरूजू सम्वन्धमा उक्त सेनीटरी प्याड खरीद गरी सो विद्यालयमा वितरण गरी कार्य सम्पन भइसकेको र सो को जमानतको म्याद समेत समाप्त भइसकेकोले अब थप जमानत लिन उपयुक्त नदेखिएको र प्रचलित नियमानुसारको जमानत लिइ कार्य गर्ने गरी उक्त वेरुजू फछ्र्यौट गरी समपरीक्षणको लागि महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरीयो ।

च. जनकपुरधाम उपमहानगरपालिका वडा नं.१९ अन्तर्गत वडा समितिको मिति २०७९/११/३० गतेको निर्णयानुसार “शिवपुर टोलमा शेखर मंडलको घर देखि बिल्टु मुखियाको घर सम्मको” बाटो १३ फिट २ इन्च कायम गर्ने र सोको आगामी नगर सभाबाट अनुमोदन निर्णय गरीयो ।

छ. जनकपुरधाम उपमहानगरपालिका वडा नं.१४ स्थित प्रस्तावित रामजानकी बहुउद्देशिय रंगशाला निर्माण गर्न भारतिय प्रधानमन्त्री सम्माननीय नरेन्द्र मोदीले जनकपुरधाम क्षेत्र विकसको लागि घोषणा गर्नु भएको भा.रु. १०० करोडको लगानी गरिदिनुहुन सम्बन्धित सरोकारवाला निकाय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

ज. नेपाल सरकार, शहरी विकास मन्त्रालय, शहरी विकस तथा निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, धनुषाको प.सं. ०७९।८० च.नं. १३४१ को पत्रानुसार Beautification and Infrastructure construction works at Ramanadiya Vaishnav Sangh and Rangabhumi (Contract ID: FPIU/Dhanusha/Works/Works/NCB/ 27-2078/79) अन्तर्गत बाह्रबिघा रंगभूमि क्षेत्रमा Interlocking Concrete Block सहितको Walking Track, Sitting Are र Plantation गरी निर्माण कार्यकोलागि सहयोग माग गरेकोमा सोही कबोल ठेक्का रकम बमोजिमको कार्य तिरुहितिया गाछीमा निर्माण गर्न अनुमति दिने निर्णय गरियो ।

झ. आगामी आर्थिक वर्षको लागि माग गरिने योजनाका प्राथमिकिकरणका सम्बन्धमा सम्पूर्ण वडा समितिमा छलफल गरी कार्यालयमा मस्यौदा सिफारिस गर्ने निर्णय गरियो ।